# ४ परमेश्वरबाट आउने सतबुद्धि

*__यस अध्यायका मूल पदहरू:__* हितोपदेश ८:१-२१, मत्ती १६:२६, हितोपदेश ८:३३-३१, उत्पत्ति १:३१, हितोपदेश ८:३२-३६, हितोपदेश ९:१-१८।

*__स्मरण गर्नुपर्ने पद:__* "परमेश्वरले सबै सृष्टिको कामको आरम्भ गर्नुभन्दा धेरै पहिले उहाँले मलाई सृष्टि गर्नुभयो।"-हितोपदेश ८:२२ रूपान्तरित।

यस समय हितोपदेशको पुस्तकको अध्ययन क्रममा बुद्धिको बारेमा फेरि देखा पर्छन्। बुद्धि भनको सत्य ज्ञान हो भनेर यस अध्यायका मूल पदहरूले सिकाएको स्पष्ट छ। त्यो सत्य ज्ञान वा सतबुद्धि पनि कुनै मानिसको दर्शनबाट केलाएर नआएको भइ परमेश्वरबाट नै आउँछ भनेर बाइबलले पुष्टि गर्न खोजेको छ। सबै सत्यको स्रस्ता वा लेखक उहाँ नै हुनुहुन्छ।

सत्य भन्ने सबैजनालाई लागु हुन्छ भनेर हितोपदेशको पुस्तकको जिकिर छ। त्यसले कुनै जात, धर्म, लिङ्ग, देशीविदेशी आदिलाई मात्र समेत्दैन। आधुनिकवाद वा आधुनिक विचारधाराभन्दा त्यो तर्क धेरै फरक छ। संस्कार, संस्कृति वा देशको चालचलनअनुसार सत्यको वाख्या गरिन्छ र त्यसलाई लचिलो बनाइन्छ भनेर पश्चिमी दर्शनले भन्छ। एक जनाको निम्ति सत्य एउटा हुन्छ भने अर्को निम्ति त्यो फरक हुनसक्छ भनेर तिनीहरूले व्याख्या गर्छन्।

तर त्यस्तो खालको दर्शन वा तर्क बाइबलले सिकाउँदैन। मैले पालन गरेको वा विश्वास गरेको सत्य तपाईंको जस्तै हुनुपर्छ। त्यो किनभने सत्य जहाँपनि त्यही हो। (जसरी पानीको रङ्ग संसारको कुनै पनि देशमा किन नहोस्, त्यही हुन्छ-अनुवादकको जिज्ञासा)। सत्य कुनै मानिस वा जात वा वर्गको पेवा होइन। यो सबैको साझा हो। कसैले मानोस वा नमानोस सत्यको अस्तित्व छ भन्ने तथ्यलाई कसैले पनि परिवर्तन गर्न सक्दैन।

येशूलाई अदालतमा उभ्याउँदा रोमी बडा हाकिम पिलातुसले प्रख्यात प्रस्न गरेका थिए "सत्य के हो?" (यूहन्ना १८:३८)। त्यसको प्रत्युत्तरमा येशूले जवाफ दिनुभयो "प्रत्येक व्यक्ति जो सत्यको हो त्यसले मेरो आवाज सुन्छ" (यूहन्ना १८:३७ रूपान्तरति)। परमेश्वरको सत्य वास्तविक सत्य हो। हामीहरूको अन्तस्करणबाट पनि उहाँको सत्यले हामीलाई बोल्दछ। हामीले सम्झनुपर्ने अत्यन्त महत्त्वपूर्ण कुरो त सत्यले जे भनेको छ त्यसलाई हामीले सुन्नुपर्छ, पालन गर्नुपर्छ र त्यसप्रति सजग रहनुपर्छ।

## १. ज्ञानबुद्धि चिच्याउँदै गरेको आह्वान (हितोपदेश ८:१-२१)

पशुलाई भन्दा पनि मानिसलाई चाहिेने बुद्धि, समझशक्ति, उचित विवेक, ठिकबेठिक छुट्याउने आत्मनिर्णयको खुबी आदिको बहुमूल्यता र अपरिहार्यतालाई हितोपदेश ८:१-२१मा कसरी व्याख्या गर्छन्, हेर्नुहोस्: "के बुद्धिले चर्को स्वरमा आह्वान गर्दैन र? के समझशक्तिले आफ्नो आवाज उच्च पार्दैन र? २ बाटोका उच्च ठाउँहरूमा, चौबाटोमा त्यो खड़ा हुन्छ, ३ सहरतिर जाने मूल ढोकाको छेउमा, प्रवेश-द्वारमा, त्यो चर्को स्वरले यसरी कराउँछ: ४ "हे मानिसहरू हो, म तिमीहरूलाई आह्वान गर्दछु, म सारा मानव जातिलाई मेरो आवाज सुनाउँछु। ५ हे निर्बुद्धि हो, बुद्धि प्राप्त गर। हे मूर्ख हो, समझशक्ति प्राप्त गर। ६ सुन, तिमीहरूलाई बताउनुपर्ने आदरणीय कुराहरू मसँग छन्, ठिक कुरा बोल्न म मेरो मुख खोल्छु। ७ मेरो मुखले साँचो कुरा बोल्दछ,किनभने मेरा ओठले दुष्टता घृणा गर्छन्। ८ मेरो मुखका सबै वचनहरू न्यायपूर्ण छन्, तिनीहरूमध्ये कुनै पनि बाङ्गोटिङ्गो छैन। ९ विवेकशील व्यक्तिको लागि ती सबै उचित छन्, ज्ञान हुने मानिसको निम्ति ती खोटरहित छन्। १० चाँदीको सट्टा मेरो उपदेश, उत्तम सुनभन्दा त बरु ज्ञान नै खोज, ११ किनभने बुद्धि मानिकभन्दा बहुमूल्य हुन्छ, र तिमीले इच्छा गरेको कुनै पनि थोक त्यससँग तुलना गर्न सकिँदैन। १२ "म बुद्धि हुँ, सावधानीसित म बसोबास गर्दछु, मसँग ज्ञान र विवेक छन्। १३ परमेश्वरको भय मान्नु दुष्टतालाई घृणा गर्नु हो,

अभिमान, अहङ्कार, खराब चालचलन र भड्काउने कुराहरू म घृणा गर्छु। १४ सरसल्लाह र उचित फैसला मबाटै हुन्छन्, मसँग समझशक्ति र सामर्थ्य छन्। १५ मद्वारा नै राजाहरू राज्य गर्छन् र शासकहरू उचित कानून बनाउँछन्, १६ मद्वारा नै राजकुमारहरू राज्यव्यवस्था चलाउँछन् र सबै उच्च अखितयारवालहरू पृथ्वीभरि शासन गर्दछन्। १७ मलाई प्रेम गर्नेहरूलाई म प्रेम गर्छु, मलाई खोज्नेहरूले मलाई भेट्टाउँछन्। १८ मसँग वैभव र आदर, टिक्ने धन-सम्पत्ति र समृद्धि छन्। १९ मेरो फल निखुर सुनभन्दा उच्च छ।जे म उत्पादन गर्छु, त्यसले असल चाँदीलाई उछिनिदिन्छ। २० म धार्मिकताको बाटो र न्यायको मार्गमा हिंड्छु। २१ मलाई प्रेम गर्नेहरूलाई म धन-सम्पत्तीले भरिपूर्ण पार्छु, र म तिनीहरूका भण्डार भरिदिनेछु।" मानिस ज्ञानबुद्धिले भरिनु नितान्त आवश्यक छ। प्रत्येक व्यक्तिमा यसको पहुँच हुनुपर्छ। परमेश्वरले सारा मानव प्राणीको सृष्टि गर्नुभएको थियो। अनि ज्ञानबुद्धिबाट पछि हटेर बस्दा पापमा फसेको प्रत्येक मानिसको निम्ति ख्रीष्ट मर्नुभएको थियो। सही बुद्धि परमेश्वरको ज्ञान हो। यही आत्मज्ञान तथा बुद्धिले प्रत्येक मानिसलाई मुक्ति दिन आफ्नो हात फैलाइरहेको छ। त्यसकारण बुद्धि कुनै विशेष जातको निम्ति नभएर सबैको निम्ति हो।

मानौं बुद्धि उकुसमुकुस भएर आफ्नो आवाज निकालेर मानिसको समझशक्ति भित्र पस्न आत्तुरी देखाइरहेको छ। त्यस आवाजलाई विभिन्न शब्दहरूमा व्याख्या गर्छन्ः “चिच्याउँदै कराउँछ", “उनको आवाज उचाल्छिन्", “आह्वान गर्छिन्", “आवाज निकाल्छिन्", “बोल्छिन्" "औठहरू खोल्छिन्", “मुख" “शब्दहरू"। मानिसहरूले ती प्रतिकहरूलाई कसरी बुझ्छन् त्यसको मतबल नहुन सक्छ। तर के कुरा स्पष्ट छ भने बुद्धि भनेको लुकाइ राख्ने तत्व नभएर सबैलाई बाँडिने कुरा हो। सबै मानिसहरूले बुद्धिलाई सुन्नुपर्छ। अगाडि हामीले हेऱ्यौं बुद्धि नै जीवन र मरणको सवाल हो।

आफ्नो वचनको सत्यताको बारेमा बुद्धिले आठपल्ट चर्चा गर्छिन्। बुद्धिको व्याख्या र परमेश्वरको व्याख्या झन्दै एउटै भएको

व्यवस्था ३२:४ले देखाउँछ। बुद्धि र परमेश्वरको बीचमा गरिएको तुलनालाई अचम्म मान्नुपर्दैन। परमेश्वर नै सबै थोकको सृष्टिकर्ता भएकोले नै त्यो तुलना उचित देखिएको हो। (यूहन्ना १:१-३)। सबै सत्यको मूल जग परमेश्वर नै हुनुहुन्छ।

हितोपदेश ८:१०,११ले बुद्धिको बारेमा कसरी चर्चा गर्छ? हेर्नुहोस् फेरिः "चाँदीको सट्टा मेरो उपदेश, उत्तम सुनभन्दा त बरु ज्ञान नै खोज, ११ किनभने बुद्धि मानिकभन्दा बहुमूल्य हुन्छ, र तिमीले इच्छा गरेको कुनै पनि थोक त्यससँग तुलना गर्न सकिंदैन।

खरबौं खरब मानिसहरू जन्मेका थिए र जन्मिरहेकाछन् र जिइरहेकाछन्। तर तिनीहरूमध्ये प्रायजसो धेरै अज्ञान, मूर्ख र अन्धकारको भुमरीमा लपटिरहेकाछन्। कति मानिसहरू आशारहित जीवन बिताइरहेकाछन् भने कति मानिसहरू सापटी आश्वासनमा बाँचिरहेका छन्। सत्य र ज्ञान अत्यन्त अचम्म भएतापनि कतिपयले त्यसको तिर्खा गर्दैनन्। यो अत्यन्त दुःखपूर्ण कुरो हो। ती दुवै तत्वहरू आशाले भरिएका छन् र अहिले नै उत्तम जीवन बिताउन मानिसहरूलाई गरेका बाचाहरूले भरिएका छन्। फेरि नयाँ स्वर्ग र नयाँ पृथ्वीमा अनन्तकालसम्म रहने प्रतिज्ञा प्रत्येक मानव प्राणीलाई दिइएको छ। येशूको त्याग र बलिदानले नै ती सबैकुरा सम्भब हुन गएको हो। सारा संसारका सबै धनसम्पत्ति, समृध्दि आदि केही पनि होइन। (व्यर्थै व्यर्थ भनेर हितोपदेश २:११-१३ले बताउँछ)। तर परमेश्वरको आत्मज्ञान नै सबै थोक हो।

माथि व्यक्त गरेका महत्त्वपूर्ण भावनाहरू तपाईंको जीवनमा कसरी सार्थक भइरहेको छ, हेर्नुहोस् मत्ती १६:२६ "सारा जगत् प्राप्त गरेर पनि आफ्नो प्राण गुमायो भने, मानिसलाई के लाभ हुन्छ? अथवा मानिसले आफ्नो प्राणको सट्टामा के दिन सक्छ?"

## २. बुद्धि र पृथ्वीको सृष्टि (हितोपदेश ८:२२-३१)

बुद्धि सृष्टिसँग कसरी जोडिएको छ? हेर्नुहोस्ः हितोपदेश ८:२२-३१ "परमप्रभुले सृष्टिको प्रारम्भमा नै मलाई सृजनुभयो, उहाँका आदिका सबै कामहरूभन्दा पहिले नै। २३ अनन्तदेखि नै मेरो नियुक्ति

भएको थियो, सबैभन्दा पहिले, संसार सुरु हुनुभन्दा पनि पहिले नै। २४ महासागर नहुँदै मेरो जन्म भएको थियो, पानीले भरिएका खोला-नालाहरू हुनुभन्दा अघि नै। २५ पर्वतहरू आ-आफ्नो स्थानमा स्थापित हुनुभन्दा पहिले नै, पहाड़हरूभन्दा अघि नै मेरो जन्म भएको थियो। २६ उहाँले पृथ्वी वा यसका जमिन, वा संसारमा धूलाको कण बनाउनुभन्दा अघि नै म सृजिएको थिएँ। २७ उहाँले आकाशलाई त्यसको ठाउँमा बसाल्नुहुँदा र महासागरलाई क्षितिजले घेर्नुहुँदा, म त्यहाँ थिएँ। २८ उहाँले बादललाई आकाशमा स्थापित गर्नुहुँदा, र महासागरका मूलहरूलाई तिनीहरूका स्थानमा दृढ़सँग बसाल्नुहुँदा, २९ उहाँले समुद्रको सिमाना तोकिदिनुहुँदा– उहाँको आज्ञाभन्दा बाहिर नाघी पानी नजानलाई– र उहाँले पृथ्वीका जगहरू बसाल्नुहुँदा, ३० म एक कारीगरझैं उहाँको छेउमा थिएँ। म दिनहुँ हर्षले विभोर हुन्थें, उहाँको उपस्थितिमा निरन्तर आनन्दित भइरहन्थें। ३१ उहाँले बनाउनुभएको सिङ्गो संसारमा आनन्दित हुँदै म मानव जातिमा प्रसन्न रहन्थें। ३२ अब हे मेरा छोरा हो, मेरो कुरा सुन, तिनीहरू धन्य हुन्, जसले मेरा मार्गहरू अपनाउँछन्।"

ती पदहरूमा बुद्धिलाई सृष्टिकर्ता परमेश्वरसँग जोडिएको छ। माथि व्यक्त गरेका धेरैजसो भावनाहरूले उत्तत्ति १ र २को सृष्टिको बृतान्तसँग साझा भएको देखिन्छ। उत्पत्ति १ र २ को पदहरूको रुपरेखासँग ती पदहरू मिलेका छन्। हितोपदेश ८ कवितात्मक रूपमा लेखिएको छ। ८:२२को सुरूमा आकाश, पानीको वर्णन गर्दै पृथ्वीको सृष्टिको कार्यको सम्पन्नमा अन्त गर्छ। बुद्धिको आधिकारिकतालाई नै ध्यानमा राखेर ती दुई पुस्तकहरूमा (उत्पत्ति र हितोपदेश) भएको उत्पत्तिको बारेमा गरिएको वर्णन तुलनात्मकरूपमा कोरेको हो। परमेश्वर आफैले यस संसार सृष्टि गर्न बुद्धिलाई प्रयोग गर्नुभएको थियो। बुद्धि यस्तो सबभन्दा पुरानो औजार हो कि यस जगतभन्दा पनि पुरानो र त्यसको अस्तित्व कायम राख्न तथा त्यसलाई सुचारुरूपमा चालिराख्न बुद्धिको आवश्यक छ। त्यही परिप्रेक्षमा हामीहरूको जीवनको प्रत्येक कार्यमा बुद्धिलाई प्रयोग गर्नुपर्छ।

बुद्धिको सुरूको विषयमा पनि हामीहरूको ध्यान अत्यन्त केन्द्रित भएको छ। बुद्धिलाई जन्माउने परमेश्वर यहोवा हुनुहुन्छ। तर हिब्रूभाषामा अनुवाद गरिएको गानाह-ganah-को अर्थ सृष्टि गरिएको भन्दा परमेश्वरसँग रहेको बताउँछ (व्यवस्था ३२:६, उत्पत्ति ४:११)। अर्को शब्दचाहिँ वैज्ञानिक शब्द हो जुन् उत्पत्तिको सृष्टिसँग जोडिएको छ। त्यो शब्द हो रिशित-reshit- अर्थात् सुरूमा। यो शब्द उत्पत्ति १:१को पहिलो पदमा पाइन्छ "आदिमा वा सुरूमा परमेश्वरले स्वर्ग र पृथ्वी सृष्टि गर्नुभयो।"

तैपनि हितोपदेश ८:२२मा सुरू गरिएको "सुरूमा" भन्ने शब्द उत्पत्ति १:१ भन्दा फरक छ। हितोपदेश ८:२२मा प्रयोग गरिएको शब्द परमेश्वर  र उहाँको मार्गसँग (डिरेक-derek) जोडिएको छ। त्यसले उहाँको स्वभावलाई जनाउँछ। तसर्थः बुद्धि परमेश्वरको आफ्नै स्वभाव हो।

सारा जगतको सृष्टि गर्नुभन्दा पहिले बुद्धिको अस्तितत्व थियो। परमेश्वरमात्र भएको बेलामा बुद्धिको जीवन सदासर्वदा थियो।

माथिको तर्कले हामीलाई यो बताउँछ कि बुद्धि हामी मानिसबाट सुरू हुने होइन। तर बुद्धि हामीलाई देखाइएको हो। बुद्धि हामीले सिक्नुपर्छ। बुद्धि हामीलाई सिकाइएको हो। हामीमा स्वःत बुद्धि आउँदैन। आफ्नै बुद्धिमा हिंड्नु भनेको अन्धकारमा छामछुम गर्दै हिंड्नु हो। स्वविवेकले चल्नु भन्दा हामीहरू आफ्नै ज्ञान वा मानविय ज्योतिमा चल्नु हो। "प्रत्येक मानिसलाई दिइने सत्य ज्योति येशू नै हुनुहुन्छ" भनेर हामीलाई बताइएको छ (यूहन्ना १:९)। बुद्धि सबै मानिसको निम्ति अपरिहार्य वा नभैनहुने परमेश्वरको बरदान हो।

## ३. परमेश्वरले गर्नुभएको सृष्टिमा आनन्दित हुनु (हितोपदेश ८:३०,३१)

जब परमेश्वरले यस संसार क्रमबद्ध रूपमा सृष्टि गर्नुभयो तब प्रत्येक क्रमपछि उहाँ भावुक भएर यो व्यक्त गरिएको उत्पत्तिमा लेखिएको छः "अनि परमेश्वरले आफूले गर्नुभएको काम हेर्नुभयो र असलै भएको देख्नुभयो" (उत्पत्ति १:४,१०,१२, १८,२१,२५,३१)। आफूले सृष्टि गर्नुभएको सबै थोक हेरेपछि उहाँले समिक्षा गर्दै यो

निश्कर्ष निकाल्नुभयोः “यो त साऱ्है राम्रो भयो" (उत्पत्ति १:३१ रूपान्तरित)। हिब्रू भाषामा राम्रोको अर्थ रमाइलो वा आनन्दमय हो। सुरूमा परमेश्वर र सृष्टिको बीचमा कस्तो सम्बन्ध थियो भन्ने आभास पनि दिन्छ। आफ्नो हप्ताभरीको सृष्टिपछि परमेश्वरले आफ्नो सबै काम रोक्नुहुन्छ र आफूले गरेको सृष्टिलाई पूर्णरूपमा आनन्द लिनु हुन्छ (उत्पत्ति २:१-३)। त्यो रोकिएको समय विश्रामको समय हो। त्यसलाई शब्बथ भनिन्छ। यो दिनलाई परमेश्वरले चोखो बनाउनुभयो र अलग गर्नुभयो। त्यही तरिकाले कविताको लयमा लेखिएको हितोपदेश ८ले बुद्धिले सृष्टिको आनन्द कसरी लिएको थियो भनेर बताउँछ।

**बुद्धि अत्यन्त भारविभोर भएर किन आनन्द लिएको छ?**
**हेर्नुहोस् हितोपदेश ८:३०,३१:**

**३० म एक कारीगरझैं उहाँको छेउमा थिएँ।**
**म दिनहुँ हर्षले विभोर हुन्थें,**
**उहाँको उपस्थितिमा निरन्तर आनन्दित भइरहन्थें।**
**३१ उहाँले बनाउनुभएको सिङ्गो संसारमा आनन्दित हुँदै**
**म मानव जातिमा प्रसन्न रहन्थें।**

सृष्टिको समयमा बुद्धिको आनन्दले सृष्टिसँग परमेश्वर प्रसन्न हुनु भएको देखाउँछ। त्यो आनन्द सृष्टिको प्रत्येक दिनपछि परमेश्वरले व्यक्त गर्नुभएको थियो। जब यस पृथ्वीलाई जीवन दिएर आफ्नो सृष्टिको काम सम्पन्न गर्नुभयो तब व्यक्त गरिएको आनन्दले उहाँको कामको शिषरलाई देखाएको थियो।

बुद्धि किन आनन्दित भयो भन्ने कारण हितोपदेश ८ले बताउँछ। “मेरो आनन्द नै मानव जातिमा थियो" (पद ३१ रूपान्तरित)। सृष्टिको अन्त पछि शब्बथ सृष्टि गर्नुभयो र मानिसहरूसँगक सम्बन्धमा उहाँ पस्रिनुभयो। सृष्टिको सप्ताहपछि परमेश्वरले लिनुभएको बिश्राम र मान्नुभएको आनन्द शब्बथसँग मानव जातिको अनुभवमा गाँसिएको थियो। “सृष्टिकर्ताको अनुसरण गरेर मानिसले पनि आफूले सम्पन्न गर्नुभएको कामलाई रमाइलो, आनन्द र

संतुष्टिसाथ हेर्न सक्दछ। यसो गरिएमा मानिसले परमेश्वरको सृष्टिमा आनन्द लिन सक्छ र त्यो मात्र होइन सृष्टिमाथि दिइएको अधिकारलाई मानिसले जिम्मेवारसाथ बहन गर्न सक्षम् पनि हुन्छ।"-केनेथ ए. स्ट्रान्डद्वारा लिखित *द शब्बथ इन स्किर्प्चर एन्ड हिस्टोरीमा* गेरहार्ड एफ. हेजेलले व्यक्त गरिएको मन्तव्य। (रिभ्यु एन्ड हेराल्ड षब्लिशिङ्ग आसोशियसन, १९८२, पृ. २३बाट रूपान्तरित)।

**येशू ख्रीष्ट आफै सृष्टिको काममा समावेश हुनुभएको थियो भनेर देहायका पदहरूले बताउँछन्। हामीहरूको मुक्तिदाता उहाँ हुनुभएको भूमिका बुझ्न सृष्टिमा उहाँले गर्नुभएको काम किन जरुरत छ? हेर्नुहोस्ः कलस्सी १:१५-१७ "उहाँ अदृश्य परमेश्वरको प्रतिरूप, सारा सृष्टिका ज्येष्ठ (अर्थात् मालिक) हुनुहुन्छ, १६ किनकि उहाँमा नै सबै थोक सृष्टि भएका थिए। स्वर्गमा र पृथ्वीमाथि भएका दृश्य र अदृश्य थोकहरू, चाहे सिंहासनहरू, चाहे प्रभुत्वहरू, चाहे प्रधानताहरू, चाहे अधिकारहरू, सबै थोक उहाँद्वारै र उहाँकै निम्ति सृजिएका हुन्।१७ उहाँ नै सबै कुराभन्दा अगाडि हुनुहुन्छ, र उहाँमा नै सबै कुरा बाँधिएर रहेका छन्।", कलस्सी २:३ "उहाँमा नै ज्ञान र बुद्धिका सारा सम्पत्ति लुकेका छन्।", प्रकाश ३:१४ "अनि लाउडिकियाका मण्डलीका दूतलाई यो लेखः यी कुरा आमेन, विश्वासयोग्य र साँचो साक्षी र परमेश्वरका सृष्टिको शासकले भन्दछ।" र यूहन्ना १:१-१४ "आदिमा वचन हुनुहुन्थ्यो, वचन परमेश्वरसँग हुनुहुन्थ्यो, अनि वचन परमेश्वर हुनुहुन्थ्यो।२ उहाँ आदिमा परमेश्वरसँग हुनुहुन्थ्यो। ३ सबै थोक उहाँद्वारा बनिए, र बनिएको कुनै थोक पनि उहाँविना बनिएन। ४ उहाँमा जीवन थियो, र त्यो जीवन मानिसहरूको ज्योति थियो।५ त्यो ज्योति अन्धकारमा चम्कन्छ, र अन्धकार त्यसमाथि विजयी भएको छैन। ६ परमेश्वरबाट पठाइएका एक जना मानिस थिए, जसको नाउँ यूहन्ना थियो। ७ उनीद्वारा सबैले विश्वास गरून् भनेर त्यस ज्योतिको गवाही दिन उनी साक्षी भई आए।८ उनी आफै त्यो ज्योति थिएनन्, तर त्यस ज्योतिको गवाही दिन आए। ९ हरेक मानिसलाई ज्ञान प्रदान गर्ने साँचो ज्योति संसारमा आउँदैहुनुहुन्थ्यो। १० उहाँ संसारमा हुनुहुन्थ्यो, संसार**

उहाँद्वारा बनियो, तापनि संसारले उहाँलाई चिनेन। ११ उहाँ आफ्नै मानिसहरूकहाँ आउनुभयो, तर उहाँका आफ्ना मानिसहरूले उहाँलाई ग्रहण गरेनन्। १२ तर जतिले उहाँलाई ग्रहण गरे र उहाँको नाउँमाथि विश्वास गरे, उहाँले तिनीहरूलाई परमेश्वरका सन्तान हुने अधिकार दिनुभयो। १३ तिनीहरू रगतद्वारा, शारीरिक इच्छाद्वारा, र कुनै मान्छेको इच्छाद्वारा होइन तर परमेश्वरबाट जन्मिएका हुन्छन्। १४ अनि वचन देहधारी हुनुभयो, र अनुग्रह र सत्यताले पूर्ण भई हाम्रा बीचमा वास गर्नुभयो। हामीले उहाँको महिमा देख्यौं, जुन महिमा पिताबाट आउनुभएको एकमात्र पुत्रको जस्तो थियो।"

## ४. बुद्धिको भद्रता तथा गुणित्व (हितोपदेश ८:३२-३६)

ज्ञानबुद्धि हुनुभनेको के हो भन्ने विषयबस्तुतर्फ फर्किन्दै हितोपदेश ८ अध्याय अन्त हुन्छ। यो कुरा सत्य हो कि सृष्टिको अघि र सृष्टिको समयमा भएको बुद्धिको बारेमा जान्न त्यति सजिलो छैन किनकि यो धेरै गहिरो छ। तर बाइबलमा भएको सत्य जहिले पनि यस्तो सरल तरिकाले सिकाउनुपर्छ ताकि सबैले बुझ्न सकोस्। (बाइबलको सतज्ञानलाई बंग्याउन र जतिल बनाउन कसैलाई पनि अधिकार दिएको छैन)। येशू ख्रीष्टमा पाएको ज्ञानको ज्योति अनुसार हामी चल्न सकौं भनेर नै त्यो तरिका अपनाउनुपर्छ। **हामीहरूको सामु के जीवन र मृत्युको सन्देश हितोपदेश ८:३२-३६मा दिइएको छ? हेर्नुहोस्:**

३२ अब हे मेरा छोरा हो, मेरो कुरा सुन,
तिनीहरू धन्य हुन्, जसले मेरा मार्गहरू अपनाउँछन्।
३३ मेरो अर्ती सुन र बुद्धिमान् होओ,
त्यसको अवहेलना नगर।
३४ त्यही मानिस सुखी हो, जसले मेरो वचन सुन्छ,
जो दिनहुँ मेरो ढोकामा नियालेर हेर्दै,
मेरो ढोकानेर पर्खिरहन्छ।
३५ किनभने जसले मलाई भेट्टाउँछ, त्यसले जीवन पाउँछ,
र परमप्रभुको निगाह प्राप्त गर्छ।
३६ तर जसले मलाई भेट्टाउन चुक्छ, त्यसले आफैलाई नोक्सानी गर्छ।

मलाई घृणा गर्ने सबैले मृत्युसित प्रेम राख्छ।
हिब्रू भाषामा धन्यको अर्थ “खुशी" भनेर अनुवाद गरिन्छ। खुशी वा धन्य हुनु भनेको दुई धारणासँग गाँसिएको छ। पहिलो त जसले बुद्धि अनुसार चल्छ त्यो धन्यको हो। अर्थात् बुद्धिलाई कार्यान्वन गर्नु (हितोपदेश ८:३२)। (नेपालको परिपेक्ष्यमा बुद्धि अनुसार चल्ने मानिसलाई श्यावास दिएको भनेपनि हुन्छ-अनुवादकको टिप्पणी)। भजन ११९:१,२मा पनि त्यहि भाषा प्रयोग गरिएको छ “धन्यका हुन् तिनीहरू, जसको आचरण निर्दोष छ, जो परमप्रभुको व्यवस्थामा चल्दछन्। २ धन्यका हुन् तिनीहरू, जसले उहाँका करारको पालन गर्दछन्, र उहाँलाई सम्पूर्ण हृदयले खोज्दछन्।"

दोस्रो धारणाचाहिँ मानिसको मनोवृत्ति वा पारासँग जोडेर वर्णन गरिएको छ “जसले मलाई सुन्छ, त्यो धन्यको हो वा खुशी हुनेछ" (पद ३४ रूपान्तरित)। दुबै धारणाहरूलाई आत्मसात् गर्ने मानिसले यो थाहा पाउनुपर्छ कि पालन गर्ने र सुन्ने स्वभाव स्वःत आउँदैन तर त्यसले निरन्तररूपमा प्रयास गरिनै रहनु आवश्यक छ भन्ने आभास् दिन्छ। ठिक बाटो पहिल्याउनुमात्र पुग्दैन। त्यो अनुसार चल्न अठौट पनि गर्नुपर्छ। श्रोतावर्ग भएर परमेश्वरको वचन सुनेर मात्र पुग्दैन। दिनदिनै हामी चनाखो भएर चल्नुपर्छ र बाइबलले चोख्याएको विवेक अनुसार चल्न राजी हुनुपर्छ। येशूले स्पष्टरूपमा भन्नुभएको थियो “जसले परमेश्वरको वचन सुन्छ र त्यसलाई पालन गर्छ त्यो धन्य को हो (अर्थात् खुशी हुन्छ वा श्यावास)" लुका ११:२८ रूपान्तरित।

“के सही मार्गको विद्रोह गरेर र परमेश्वरको व्यवस्था वा विधानलाई उलङ्घन गरेर चल्दा हामीलाई साँच्चिकै आनन्द हुन्छ त? सही खुशी वा आनन्दको स्रस्ता को हुनुहुन्छ र त्यसलाई कसरी पाउने भनेर ख्रीष्टको जीवनिले औंल्याउँछ।...यदि येशूभक्त हुँ भनेर दावी गर्नेहरू साँच्चिकै खुशी हुन चाहन्छ भने तिनीहरूले आफूसँग आएको कामलाई हँसिलो र इमान्दारपूर्वक सम्पन्न गर्नुपर्छ। त्यसै वखत तिनीहरूको हृदयमा येशूको उदाहरणलाई सजाएर राख्नुपर्छ र उहाँले

देखाउनुभएको उदाहरणमा चल्न आफूहरूलाई ढालिराख्नुपर्छ।"-एलेन जी ह्वाइट, माई लाइफ टुडे, पृ. १६२बाट रूपान्तरित।

**खुशी हुने पारालाई पकड्न र भेट्टाउन सितिमिति सक्दैन। जति धेरै हामी त्यसको लागि परिश्रम गर्छौं त्यत्ति धेरै पाउन झन कठिन भएको हामी पाउँछौं। तर खुशीको खोज भन्दा पनि हामीहरूको चरम चाहना परमेश्वरमा निष्ठावान हुनु किन जरूरी छ? यथार्थमा कसले हामीलाई सत आनन्द वा खुशी बनाउँदछ? के खुशीको खोजमा लाग्ने कि हाम्रो जीवनमा परमेश्वरको राज्यको पहिले खोजी गर्ने?**

## ५. कि त यो कि त त्यो (हितोपदेश ९:१-६)

दुई किसिमको जीवनशैलीहरूमा एक किसिमको शैली अपनाउन आफ्ना पाठक वर्गहरूलाई हितोपदेश ९को लेखकले आग्रह गर्दछन्। ती दुई किसिमको जीवनशैली होः बुद्धिज्ञानले सम्पन्न भएर चल्नु अर्थात् ज्ञानमार्गमा चल्नु वा मूर्ख तालले चल्नु। ९ अध्यायको प्रथम र अन्तिम छ पदहरू अत्यन्त संतुलित रूपमा प्रस्तुत गरेका छन्। दुई थरिका समूहहरूको बीचमा के भिन्नता छ भनेर हामीहरूको सामु शैल्य क्रिया गरेको छ।

**बुद्धिमानी र मूर्खको बीचमा के भिन्नता छ, यी दुई अंशहरू दाँजेर हेर्नुहोस्ः हितोपदेश ९:१-६ "बुद्धिले आफ्नै घर बनाएको छ र त्यसमा सात खामाहरू लाएको छ। २ भोजको निम्ति त्यसले एउटा पशु मारेको छ, दाखमद्यमा मसला मिसाएको छ र भोज तयार पारेको छ। ३ सहरका अग्लाअग्ला ठाउँबाट यसो भन्नलाई त्यसले आफ्ना चाकर्नीहरू पठाएको छ, ४ "हे निर्बोध मानिसहरू हो! आओ!" मूर्खलाई त्यसले यसो भन्छ, ५ "आओ, मेरो भोज खाओ र मैले मिसाएको दाखमद्य पिओ। ६ निर्बोधहरूको साथ छोड र बाँच। ज्ञानको मार्ग समात।" र हितोपदेश ९:१३-१८ "मूर्खता एउटी ठूलो स्वर भएकी, अज्ञानी र निर्लज्ज स्त्रीजस्तो हो। १४ त्यो आफ्नो घरको ढोका वा सहरको उच्च स्थानमा एउटा बैठकमा बस्छ १५ र आफ्नो काम गर्ने र छेउबाट जाने मानिसहरूलाई यसो भन्दै बोलाउँछ, १६ "हे निर्बोध मानिसहरू हो! आओ!" मूर्खलाई यसो भन्छ। १७ "चोरेर पिएको पानी मीठो हुन्छ, लुकेर**

**खाएको रोटी स्वादिलो हुन्छ।" १८ त्यसका पन्जामा पर्नेहरू, त्यसको घरमा जानेहरू मर्छन् र त्यहाँ पसिसक्ने जतिचाहिँ मृत्यु-लोक पुगिसकेका छन् भनी जान्दैनन्।"**

**अ.** बुद्धि हुनु वा ज्ञानमार्गमा चल्नु अत्यन्त असल कुरो हो किनभने सृष्टिमा पनि बुद्धि समावेश भएको थियो। बुद्धिका कामहरू व्याख्या गर्न सातवटा क्रियापदहरूलाई प्रयोग गरिएका छन् (पद १-३)। सातवटा खम्बा उनले बनाइन् भनेको अर्थ सात दिनको सृष्टिलाई भनिएको आभास् दिन्छ। तर मूर्खले केही काम गर्दैन बरू हात बाँधेर बस्छ। मूर्ख बुद्धि जस्तो सक्रिय छैन। मूर्खचाहिँ आफू को नै को हो भनेर फाइफुट्टीचाहिँ लगाउँछन् तर खास गरेर उनी सुस्तमन भएकी व्यक्ति वा साधारण केही पहिचान नभएको व्यक्ति हुन्। उनलाई केही कुरा पनि थाहा छैन न त थाहा पाउन नै चाहन्छिन् (पद १३ रूपान्तरित)।

**आ.** त्यही मानिसहरूलाई बुद्धि र मूर्खले बोलाउँछन् (पद ४ र १६)। तर तिनीहरूको पाहुनालाई जे दिन्छ त्यो अत्यन्त फरक छ। बुद्धिमतीले आफ्नो पाहुनाहरूलाई आफूले पकाएको खाना र पेय पदार्थ दिन्छिन् (पद ५)। तर मूर्ख स्त्रीले पाहुनालाई दिने आफूसँग केही पनि हुँदैन। उनी केवल धाकमात्र लगाउँछिन् र आफूले चोरेका खान खान उक्साउँछिन् (पद १७)।

**इ.** बुद्धिले हामीहरूलाई मूर्ख नहुन आह्वान गर्छिन् र लामो आयुसाथ जिउ भनेर आग्रह गर्छिन्। तर मूर्ख अझ धैर्यवान हुन्छिन् र भन्छिन् हामीले गरेका गलत कामहरू नरोक्न उनले माग गर्छिन्। तर त्यसको नतिजाचाहिँ मृत्यु हो। मूर्खको नियत नै मानिसहरूलाई मृत्युको पासोमा पार्नु हो। जो मानिस बुद्धि अनुसार चल्छ वा ज्ञानमार्गमा चल्छ त्यस व्यक्ति भक्तिमार्गमा पनि चल्छ अर्थात् ऊ आत्मिक बलमा फल्दै फुल्दै जान्छ। तिनीहरू परमेश्वरले दिनुभएको विवेक वा समझशक्ति अनुसार चल्छन् (पद ६)।तर मूर्खको बाटो अङ्गाल्नेहरू सबै कुरामा बुच्चे नै भएर बस्छन्। कुन् ठीक वा वेठीक, कुन् असल कुन् खराब वा सत्य र असत्यलाई छुट्याउने आत्मनिर्णय गर्ने खुबी पनि मूर्खमा हुँदैन (पद १८ रूपान्तरित)।

बुद्धि र मूर्खको आह्वानलाई बुद्धिमानी मानिस र दुष्ट मानिसले कसरी जवाफ दिन्छन्, हेर्नुहोस्ः हितोपदेश ९ः७-९ "अहङ्कारी मानिसलाई सुधार्ने मानिसले बदनाम मात्र पाउनेछ। दुष्टलाई हप्काउनेले आफ्नै हानि गर्दछ। ८ अहङ्कारी मानिसलाई सुधार्ने काम नगर, त्यसले तिमीलाई त्यसको निम्ति घृणा गर्नेछ। तर बुद्धिमान् मानिसलाई सुधार्ने काम गरे त्यसले तिमीलाई आदर गर्नेछ। ९ बुद्धिमान् मानिसलाई अर्ती दिन्छौ भने ऊ अझै बुद्धिमान् बन्दछ। धर्मीलाई शिक्षा दिए उसको ज्ञान बढ्दछ।"

बुद्धि ज्ञानको ढोका खोल्ने साँचो नै नम्र हुनु हो। बुद्धिमानी मानिस त्यो हो जो नम्र छ र आफूले पाएका अर्ती तथा ज्ञानहरू खुला दिलले स्वीकार्छन्। मलाई सबै कुरा थाहा छ भन्नेलाई होइन तर बालकको हृदय भएकोलाई ज्ञान ओइरो लाग्छ किनभने उसलाई थाहा छ बुद्धि ज्ञानमा आफू बढ्न आवश्यक छ। (याद गर्नुहोस्ः बुद्धि र मूर्ख आवाज हुन्। व्यक्तिगत मानिसको आत्मनिर्णय बिना दुबैले आफूतिर बलजफ्ती तान्न सक्दैन। कोही मानिस फस्यो भने मूर्खलाई दोष दिनु मूर्खता नै हो। सुसमाचार वा परमेश्वरले दिनु हुने मुक्तिको सुमाचारको आत्मज्ञान पनि सुनाउने मानिसहरूले केवल सुनाउँछन् मात्रै। सुनाउने मानिसहरूले सुन्नेको आत्मनिर्णय बिना बलजफ्ती कसैलाई पनि आफूतिर ल्याउने अधिकार दिइएको छैन। परमेश्वरको आत्मज्ञान कसैलाई सुनाउनु भनेको सूचनाको हक सबैले पाउनु पर्ने अधिकार हो-अनुवादकको जिज्ञासा)।

बालकको बारेमा येशूले आफ्ना चेलाहरूलाई सिकाउनुभयो, "यदि तिमीहरू बालक जस्तो भएन भने तिमीहरू कहिल्यै पनि बढ्ने छैन।" (मत्ती १८ः३ रूपान्तरित)।

## उपसंहारः

**थप जानकारीः** "सृष्टिको समयमा सारा जगतको सृष्टिकर्ता एकलै हुनुभएको थिएन। उहाँको लक्ष्यलाई सराहना गर्न सक्ने उहाँसँग सहयोगी वा सहकर्मी थियो। मानव सृष्टिलाई उहाँको आनन्द र खुशियाली दिन उहाँको सहकर्मीले सघाउन सक्नुहुन्थ्यो। "आदिमा वचन थियो, वचन परमेश्वरसँग थियो, र वचन परमेश्वर थियो। उही

परमेश्वरसँग सुरूदेखि नै थियो।" यूहन्ना १:१,२। परमेश्वरको आफ्नो एक मात्र प्रिय पुत्र येशू ख्रीष्ट जो वचन हुनुहुन्थ्यो, उहाँ सनातन परमेश्वर पितासँग एक हुनुहुन्थ्यो। चरित्र, स्वभाव र लक्ष्यमा पितासँग एक हुनुहुन्थ्यो। उहाँमात्र त्यो व्यक्तित्व हनुहुन्थ्यो जो परमेश्वरको सबै सभा र निर्णयमा सामेल हुनसक्नुहुन्थ्यो। आफ्नो सुरूको बाटोको बारेमा परमेश्वरको पुत्रले यसरी घोषणा गर्नुहुन्छः "परमप्रभुले सृष्टिको सुरुमा नै उहाँका सबै कामहरूभन्दा पहिले मलाई सृष्टि गर्नुभयो। २३ आदिमा नै, संसारको उत्पत्तिभन्दा अघि, सबैभन्दा पहिले मलाई नै बनाउनुभयो। २४ महासागरहरू बनिनुअघि, पानीको मूलहरू फुट्नुअघि मेरो जन्म भएको थियो। २५ पहाड-पर्वत र डाँडा-काँडाहरू स्थापित हुनुभन्दा अघि नै म जन्मेको थिएँ, २६ अँ, परमेश्वरले पृथ्वी, जमिन र माटो बनाउनुभन्दा अघि नै। २७ उहाँले आकाशलाई पृथ्वीमाथि फैलाउनुहुँदा, महासागरलाई क्षितिजले घेर्नुहुँदा, म त्यहाँ थिएँ। २८ आकाशमा बादल फैलाउनुहुँदा, महासागरका मुहानहरू खोलिनुहुँदा २९ र समुद्रको पानीमा सिमाना बाँधिदिनुहुँदा म त्यहाँ हाजिर थिएँ। उहाँले पृथ्वीको जगहरू बसाल्नुहुँदा म त्यहाँ थिएँ। ३० म उहाँको छेउमा शिल्पकारझैं दिनहुँ उहाँलाई आनन्द दिँदै, उहाँको उपस्थितिमा आफैं पनि प्रसन्न हुँदै (३१ सारा पृथ्वीसित नै आनन्दमा र मानव-जातिसित सन्तुष्ट थिएँ।" -एलेन जी ह्वाइट, पाट्रियार्क एण्ड प्रोफेटस्, पृ. ३४बाट रूपान्तरित।

**चिन्तनमननः**

अ. उत्पत्तिको पुस्तकमा लिखित सृष्टिको विवरणलाई विश्वास गर्नु नै बाइबललिय ज्ञानबुद्धीको आधार किन हुन्? चार्लस् डार्विनको विकासवाद शिद्धान्त अर्थात् बाँदरबाट मानिस भयो भन्ने जस्ता अनुमानित तर प्रचलित शिक्षा बाइबलले सिकाएको भन्दा किन फरक छ?

आ. सत्य ज्ञान वा बुद्धि हामी आफैले पकाएर पाक्ने कुरा होइन भन्ने तथ्यलाई गहिरिएर सोच्नुहोस्। सत् ज्ञान वा

सत् बुद्धि हामीलाई परमेश्वरले देखाउनुहुन्छ। यदि परमेश्वरबाट हामीले नपाएको भए कतिकुराहरू हामीलाई थाहा हुने थिएन। ती मध्ये केही कुराहरूमाः क्रुसमा ख्रीष्टको मृत्यु र त्यसबाट हामीलाई पाइने उपलब्धी, सातौं दिन शब्बथ, येशूको दोस्रो आगमन आदि हुन्।

ई. उत्पत्ति १ले बताएको अनुसार असल खराबसँग घुलमिल हुन सक्दैन भनेर कसरी देखाइएको छ?

उ. सृष्टिमा परमेश्वर अत्यन्त खुशी र आनन्द मनाउनुभएको थियो भन्ने आत्मज्ञानले हामीलाई शब्बथको बारेमा अझ गहिरो गरेर ज्ञान र त्यसको प्रचुरमात्रामा फाइदा उठाउन कसरी सहयोग गर्दछ?